मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप, नेपाल

# मिति २०८२ साल असार ६ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ४३ औं वैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ४२ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भथतएको कार्य प्रगति वारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

मन्थली नगरपालिकाको नगर १७ औं अधिवेशनमा पेश हुने आ.व. २०८२/८३ प्रस्तावित नीति, कार्यक्रम माथि छलफल गरियो। प्रस्तावित नीतिमा कार्यपालिका वैठकमा आएका सुझाव समेत समेटेर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ३

मन्थली नगरपालिकाको नगर १७ औं अधिवेशनमा पेश हुने आ.व. २०८२/८३ प्रस्तावित विनियोजन विधेयक २०८२ माथि छलफल गरियो । प्रस्तावित विनियोजन विधेयक २०८२ मा कार्यपालिका वैठकमा आएका सुझाव समेत समेटेर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४

राजस्व परामर्श समितिको सुझाव समेत समेटेर वैठकमा पेश भएको प्रस्तावित आर्थिक विधेयक २०८२ सुझाव समेत समेटेर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ५

मन्थली नगरपालिकाको कार्यालयबाट मस्यौदा भई कार्यपालिका वैठकमा पेश भएका देहाय बमोजिमका विधेयकहरुमा दफावार छलफल गरियो। पेश भएका विधेयकमा प्राप्त सुझाव समेटी वैठकमा पेश गर्न विधायन समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

क) स्थानीय भाषा, कला र संस्कृति संरक्षण विधेयक,२०८२

ख) विज्ञापन करको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२

२०८२/०३/०६

हेरम्बराज सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको जल यातायात सञ्चालन कार्यविधि २०८२ पारित गर्ने।

निर्णय नं. ७

विधेयक समितिका संयोजक मोतिलाल तामाङ्गबाट बैठकमा पेश भएको सञ्चार माध्यमका लागि लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि,२०८२ पारित गर्ने

निर्णय नं. ८

मन्थली नगरपालिकाका सबै १४ वटा नै वडा निःशुल्क तथा अनिवार्य शिक्षा घोपणा भई सकेकाले मन्थली नगरपालिकालारुई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने दिनमा नै नगरपालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षा घोपणा गर्ने र सोको तयारीका लागि सम्बन्धित शाखालाई जिम्मेवारी प्रदान गर्ने।

निर्णय नं. ९

बोधिचित्त फलदाना बिक्री तथा व्यवस्थापन कार्यविधी २०८१ मा देहाय बमोजिम संशोधन गर्ने पहिलो संशोधन प्रस्ताव २०८२ पारित गर्ने ।

| | | |
|---|---|---|
| १ | एक वर्ष भन्दा वढी अवधीको सम्झौता गरेता पनि (दफा ५ मा संशोधन) | यस अघि गरेका एक वर्षभन्दा वढी अवधीका सम्झौतालाई मान्य हुने छैन । एक वर्ष भन्दा वढी अवधी राखी भएका सम्झौता प्रमाणित हुने छैनन ।<br>तर एक वर्ष भन्दा वढी अवधीको सम्झौता गरी वडा/नगरपालिकामा राजस्व समेत बुझाई सकेको अवस्थामा सोही व्यहोरा लेखी सम्झौता प्रमाणित गरिनेछ । |
| २. | | सम्झौता रकमको, आठ प्रतिशत रकम वडा कार्यालयमा राजश्व बुझाएपछि मात्र सम्झौता प्रमाणित र निकासी अनुमति हुने । |
| ३ | | कुनै कृषकको बोधिचित्त फलदानाको वाहिरी व्यापारी वा सप्लायर्स र स्थानीय व्यापारी वा सप्लायर्सले खरिदका लागि एकै मूल्य कबोल गरेको खण्डमा स्थानीय,व्यापारी वा सप्लायर्सलाई प्राथमिकता दिइनेछ । |

निर्णय नं. १०

मन्थली नगरपालिकाबाट मस्यौदा भई बैठकमा पेश भएको भवन निर्माण तथा नक्सा पास मापदण्ड २०८२ थप छलफलका लागि सभामा पेश गर्ने ।

२०८२/०३/०६

दैवर्षि खापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

मन्थली नगरपालिका सरहदभित्र ठेक्का मार्फत पूर्वाधारका आयोजना सञ्चालन गर्ने सरकारी निकायहरुलाई मन्थली नगरपालिकाले लिएको नीति अनुसार २५ लाख माथिका आयोजना सबै खुला बोलपत्र मार्फत कार्यान्यबयन गरी उक्त बोलपत्रबाट बचेको रकम समेत सोही आयोजनामा कार्यान्वयन गर्न सम्बन्धित कार्यालयसँग समन्वय गर्ने ।

२०८२/०३/०८

देवर्षि लम्सालप्रेटा
प्रमुख प्रशासकीय अधिकृत